प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्याः २०७५।०७६ बजेट
चलानीः ९३

मितिः २०७५/०५/१२

विषयः ढुंगा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन सम्बन्धमा ध्यानाकर्षण बारे।

श्री गाउँपालिका गाँउकार्यपालिकाको कार्यालय,
श्री सवै नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
कर्णाली प्रदेश, सुर्खेत।

प्रस्तुत विषयमा यस मन्त्रालयको च.नं. ३२९ मिति २०७५/०३/१५ गतेको पत्र साथ कर्णाली प्रदेश आर्थिक ऐन, २०७५ यस प्रदेशका सवै स्थानीय तहहरुमा पठाइ सकिएकोमा हाल केहि स्थानीय तहहरुले सो ऐनमा भएको व्यवस्था वमोजिम प्रदेश सरकारको स्वीकृत नलिइ ठेक्का बन्दोवस्तको लागि सार्वजनिक सूचना प्रकाशित गरेको भन्ने बुझिन आएको हुँदा कर्णाली प्रदेश आर्थिक ऐन, २०७५ को दफा ८ मा भएको देहाय बमोजिमको कानूनी व्यवस्था अवलम्वन गरी सोही ऐनको अनुसूची ४ बमोजिम उल्लेखित दरमा ढुंगा, गिट्टी, बालुवा र दहत्तर वहत्तरको ठेक्का बन्दोवस्त सम्बन्धी आवश्यक प्रकृया अगाडि बढाउनु हुन जानकारीको लागि अनुरोध छ।

<u>दहत्तर बहत्तर शुल्क :</u> (१) संघीय कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्र भित्र ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तरको संकलन शुल्क प्रदेशले लगाउनेछ ।

(२) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र ढुङ्गा, बालुवा र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित संघीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेशले नेपाल सरकारको नीतिको अधिनमा रही वातावरणमा प्रतिकूल असर नपर्ने तथा सर्वसाधारण जनताको हित हुने देखेमा गाउँपालिका वा नगरपालिकालाई त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन आवश्यक शर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन सक्नेछ ।

(५) प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ र त्यस्तो कार्यविधि गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ ।

सचिव

टेलिफोन नम्वरः ☎०८३-५२१३७१,५२२५४०,५२५६३६ फ्याक्स नम्वरः ०८३-५२५६३६
ईमेलः moeap6@gmail.com Website:www.moeap.karnali.gov.np

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्याः २०७५।०७६ बजेट
चलानीः

(६) ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलनबाट उठेको शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

अनुसूची-४
(दफा ८ सँग सम्बन्धित)

दहत्तर बहत्तर शुल्क

| सि.नं. | विवरण | इकाई | दर प्रति |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरिक विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | रु. २ देखि ३ सम्म |
| २ | ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा जिल्ला बाहिर निकासी कर | प्रति क्यूव फिट | रु. ३ देखि ५ सम्म |
| ३ | माटो आन्तरिक विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | रु. १ |
| ४ | माटो जिल्ला बाहिर निकासी कर | प्रति क्यूव फिट | रु.२ |
| ५ | खानीजन्य उद्योगबाट निकासी हुने वस्तुमा निकासी कर मात्र लगाइनेछ । | | |
| ६ | खानीजन्य वस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गरी विक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्टको विक्रीमा विक्री गर्दा कै बखत विक्री मूल्यको (मूल्य अभिबृद्धि कर तथा अन्तः शुल्क बाहेक) ०.५ प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग वापत शुल्क लगाइने छ । | | |
| ७ | खानीजन्य वस्तुहरुको उपयोग गरी क्लिङ्कर उत्पादन गरी विक्री वितरण गर्ने उद्योगबाट उत्पादित क्लिङ्करको विक्रीमा विक्री गर्दा कै बखत विक्री मूल्यको (मूल्य अभिबृद्धि कर बाहेक) ०.५ प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग वापत शुल्क लगाइने छ । | | |

(ढुण्डीप्रसाद निरौला)
सचिव

टेलिफोन नम्बरः ☎०८३-५२१३७१, ५२२५४०, ५२५६३६ फ्याक्स नम्बरः ०८३-५२५६३६
ईमेलः moeap6@gmail.com Website:www.moeap.karnali.gov.np